नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मितिः २०७९।४।२२

श्री इकाई प्रमुख,
शिक्षा विकास तथा समन्वय इकाई
सबै ।

**विषय : आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।**

विनियोजन ऐन, २०७९ संघीय संसदबाट पारित भई मिति २०७९/३/३१ का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेकोले सोही अनुसार आर्थिक वर्ष २०७९।८० का लागि तहाँ र अन्तर्गतका निकायहरूलाई विभिन्न उपशीर्षकहरूमा छुट्टयाइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी सहित विनियोजित रकम खर्च गर्ने सन्दर्भमा देहायको संशोधित मार्गदर्शन यहाँको जानकारीका लागि प्रेषित गरेको छु । प्राप्त श्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ । समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्रासिको लागि बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन ऐन, २०७९, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ । विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन गर्न यो मार्गदर्शन प्रेषित गरेको छु। महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनहरूमा उल्लिखित विवरण र बेरुजूका दृष्टान्तहरूले आर्थिक अनुशासन पालनामा सबै निकायहरू गम्भीर हुनुपर्ने देखिएको हुँदा आर्थिक कारोबार गर्दा प्रचलित कानून अनुसार गर्नु हुन र शुन्य बेरुजु कायम हुने गरी आर्थिक कारोबार गर्न अनुरोध छ ।

आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था गर्नु गराउनु हुन अनुरोध गरेको छु।

(क) **अख्तियारी , कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएको भए २०७९ भाद्र मसान्तभित्र सम्पूर्ण रकम बाँडफाँट गरी सोको स्वीकृतीका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्नुहुनेछ ।

३. अनुदान संकेत नं. ६०२ बाहेकको खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु हुनेछ। यस्तो बाँडफाँड २०७९ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ। वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७९ चैत्र १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्नेछ।

(ख) कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयन

४. विनियोजन ऐन, २०७९ को दफा ५(१) बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउन मन्त्रालयको स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

५. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम/योजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६. बुंदा नं. ४ बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई संघीय निकायको रूपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित संघीय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

७. बुँदा नं. ५ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

८. बुँदा नं. ६ र ७ बमोजिम गरिएको व्यवस्थाको जानकारी महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

९. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्क्रमहरुको अध्यावधिक अभिलेख राख्नु हुनेछ । विनियोजन ऐन, २०७९, बमोजिम प्रदेश तथा स्थानिय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा हस्तान्तरण भएको रकम अपर्याप्त भई थप रकम आवश्यक भएमा सशर्त अनुदान हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरु सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो कार्यक्रम/योजनाको कार्य प्रगतिको आधारमा मात्र मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा थप रकम माग गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

१०. प्रदेश तथा स्थानीय तहको आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ । यसको प्रतिवेदन र लेखा परीक्षण सम्बन्धित तहले नै गर्नु/गराउनु पर्नेछ ।

११. प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/योजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित प्रदेश तथा स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

१३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयनको लागि आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना

गर्नुपर्ने छ । वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरु कार्यान्वयन गर्दा दातृ निकायसँग भएको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालन गर्नु/गराउनु हुनेछ।

१४. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको आयोजना/कार्यक्रमको वैदेशिक स्रोततर्फको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र सो को अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गर्नु/गराउनु हुनेछ।

१५. प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएका योजना तथा कार्यक्रमको भौतिक प्रगति तथा खर्च भएको रकमको त्रैमासिक विवरण प्रत्येक आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते, असार १५ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

१६. वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था ती आयोजनाहरू कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकाले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ।सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ।

१७. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक नयाँ ऐन तर्जुमा वा विद्यमान ऐन संशोधन गर्नुपर्ने भएमा ऐनको मस्यौदा तयार गरी साउन मसान्तभित्र नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गरिसक्नु पर्नेछ । विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा साउन मसान्तभित्र अनिवार्य रुपमा सम्पन्न गर्नु हुनेछ ।

१८. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि आवश्यक पर्ने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ । सो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेवसाइटमा राख्नु हुनेछ ।

१९. विनियोजन ऐन, २०७९ बमोजिमका स्वीकृत वार्षिक आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दी २०७९ साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

२०. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी २०७९ साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आव्हानसमेत गरिसक्नु पर्नेछ । २०७९ असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ । ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने व्यवस्था मिलाउनु पर्नेछ।

२१. तहाँ निकाय मातहतका पुँजीगत खर्च गर्ने कार्ययोजना र (जिम्मेवार पदाधिकारीको नाम सहितको विवरण) असोज मसान्तभित्र तयार गरी/गर्न लगाई सो को मासिक प्रगति अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२२. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन । विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधकारी नै जिम्मेवार हुनु पर्नेछ । विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजनाका लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नु हुने छैन । त्यस्तो रकम निकासा माग भई आएमा निकासा नदिने व्यहोरा मातहतका निकायहरुलाई समेत जानकारी गराउनु पर्नेछ ।

२३. तोकिएको परिमाण, लागत, गुणस्तर र समय सीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ। तोकिएको गुणस्तर कायम

नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२४. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौताबमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु पर्नेछ । अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु पर्नेछ । राष्ट्रिय सतर्कता केन्द्रबाट रु १० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु पर्नेछ । निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु पर्नेछ ।

२५. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउनु पर्नेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धीको अभिलेखलाई आधार बनाउनु पर्नेछ ।

२६. आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नुपर्नेछ ।कर्मचारी सरुवा, पदस्थापन लगायतका कार्य ढिला हुँदा कार्यक्रम /आयोजना कार्यान्वयनमा बाधा उत्पन्न हुने भएकोले कर्मचारी सरुवा/पदस्थापन गर्न आवश्यक भएमा यथाशीघ्र सम्पन्न गर्नु पर्नेछ ।

२७. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर समेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु पर्नेछ । पहिलो त्रैमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो त्रैमासिक निकासा भुक्तानीको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ । सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा मन्त्रालयको स्वीकृतीबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पुरा गर्ने प्रतिबद्धता प्राप्त गरी निकासा/भुक्तानीको व्यवस्था मिलाउन पर्नेछ ।

२८. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ ।

२९. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ । तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिने व्यवस्था रहेको छ ।

३०. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई शोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र IDA/DPC, IMF/ECF, ADB/DBL, युरोपियन युनियन /बि.एस. - कार्ड लगायत बजेटरी सहायतातर्फको पहिलो त्रैमासिक बजेट फुकुवा गरिएको छ । वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ । कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०७९ साउन मसान्त भित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ ।

३१. सरकारी स्वामित्वको भवन निर्माण तथा भवनभित्र गरिने सजावटको सम्बन्धमा शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माण तथा सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नुहुनेछ । भवन तथा सजावटको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्ने कार्य सम्भव भएसम्म शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरुबाट गर्नु/गराउनु हुनेछ ।

३२. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रु. ५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलानु हुनेछ ।

३३. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ । आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग गरेको विवरण महालेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रुपमा जानकारी गराउनु हुनेछ । निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गरिने भन्ने अर्थ मन्त्रालयको मार्गदर्शनमा उल्लेख भएकोले समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ । तर Sector Wide Approach (SWAP) मा आधारित बैदेशिक श्रोत समावेश भएका Disbursement Linked Indicator (DLI) निर्धारित आयोजनाको हकमा आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बैदेशिक श्रोतको सबै रकम सोधभर्ना लिईसक्नु हुनेछ ।

३४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३५. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक दोश्रो त्रैमासिक अवधिसम्म थप निकासा दिइने छैन । विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ ।

## (ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन

३६. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्यभन्दा फरक पर्ने गरी कार्यक्रम संशोधन गर्न मन्त्रालय मार्फत अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ । तर, मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोततर्फ देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सकिने व्यवस्था भएकोले सोही अनुसार तोकिएको सीमाभित्र रही कार्यक्रम संशोधन र रकमान्तरको लागि पेश गर्नु हुनेछ ।

क. एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संशोधन,

ख. खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा श्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधिनमा रही थप हुने खर्च शीर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशतसम्म,

ग. एक भन्दा बढी निकायमा बाँडफाँड भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको निकासा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी कार्यक्रम संशोधन,

घ. एउटै बजेट उपशीर्षकमा विनियोजित तलब, स्थानीय भत्ता, महंगी भत्ता, पोशाक, योगदानमा आधारित बीमा कोष, योगदानमा आधारित निवृत्तभरण कोषको खर्च सम्बन्धित मन्त्रालयको LMBIS मा बजेट रोक्का राखी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधिनमा रही सम्बन्धित खर्च शीर्षकभित्र मात्र कार्यक्रम संशोधन गर्नु/गराउनु पर्नेछ ।

ङ. त्रैमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तहमाथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा मन्त्रालयले LMBIS मा बजेट रोक्का राखी संशोधन गर्नु/गराउनु हुनेछ ।

च. कार्यक्रम संशोधन वा रकमान्तर मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु/गराउनु पर्नेछ ।

छ. लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्ने भएमा देहायको खर्च शीर्षकभित्र रही संशोधन तथा रकमान्तर गर्न सक्ने व्यवस्था भएकोले सोही अनुसार पेश गर्नु हुनेछ ।
२२२११, २२२१२, २२२१३, २२२१४, २२२२१, २२२३१, २२२९१, २२३११, २२३१२, २२३१३, २२३१४, २२३१५, २२३१९, २२५११, २२५१२, २२५२१, २२५२२, २२५२९, २२६११, २२६१२, २२६१९ र २२७११

३७. प्रचलित कानुन बमोजिम कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका सम्पूर्ण प्रक्रिया पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ । सामान्यतः प्रथम त्रैमासिक अवधिसम्ममा कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गर्न पाइने छैन ।

३८. राष्ट्रिय गौरवको आयोजना, रुपान्तरणकारी आयोजना र बहुवर्षीय ठेक्काका लागि श्रोत व्यवस्थापन गरिएका आयोजनाको लागि विनियोजन भएको रकमबाट अन्यत्र रकमान्तर प्रस्ताव गर्नु हुने छैन ।

३९. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०७८ बमोजिम राष्ट्रिय योजना आयोगबाट स्वीकृति लिई बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ।

४०. आयोजनाको कार्यान्वयनलाई शीघ्र बनाउन निर्माण व्यवसायीले निर्माण कार्य दुई सिफ्टमा गर्नुपर्ने व्यवस्था मिलाउनु हुनेछ । आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन दैनिक प्रगति विवरण तालुक निकायमा पेश गर्ने र तेश्रो पक्षबाट अनुगमन गर्ने व्यवस्थाका साथै ठेक्का मुल्यांकनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रुपमा रहने व्यवस्था मिलाउनु हुनेछ ।

४१. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

४२. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, पारिश्रमिक भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा बिजुली, सचार महशुल, खाद्यान्न, घर भाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन । तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी, बिजुली, सञ्चार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ । सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

४३. चालु खर्च अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, खाद्यान्न, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु/गराउनु हुनेछ। अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट श्रृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन। साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न पाइने छैन ।

४४. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।

४५. सःशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४६. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदाताको अनिवार्य रुपमा सम्बन्धितका बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तलब भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत् सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४७. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्बर सहितको रकमान्तर माग गर्नु/गराउनु पर्नेछ ।

४८. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत लगायतका आयोजना पूर्व तयारीका कार्यहरु पुरा गरेर मात्र खरिद प्रक्रिया शुरु गर्नुपर्नेछ ।

४९. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्नेछ ।

५०. सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा तहाँ निकाय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्ने र सो नभएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । फाजिलमा रहेको तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि यस मन्त्रालय मार्फत अर्थ मन्त्रालयको सहमतीको लागि लेखी पठाउनु पर्नेछ।

५१. पानी, बिजुली, संचार महसुल, घरभाडा, इन्धन, मर्मत खर्चहरु, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रुपमा मितव्ययीता अपनाई खर्च गर्नुहुनेछ ।

५२. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु पर्नेछ ।

५३. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्बन गर्नु पर्नेछ ।

५४. सरकारी कार्यालयहरुका लागि चार पांग्रे सवारी साधन खरिद गरिने छैन । मर्मत सुधार गर्दा समेत संचालनमा नआउने सवारी साधन अनिवार्य रुपमा लिलामी गर्ने व्यवस्था गर्नुहुनेछ ।

५५. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कनलाई आधार लिनु पर्नेछ ।

५६. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दई प्रयोग गर्नु पर्नेछ । त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ ।

५७. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नुपर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्नेछ ।

५८. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था मिलाउनु हुनेछ । बैदेशिक भ्रमणका लागि बजेट विनियोजित भएको भएतापनि यस मन्त्रालय मार्फत अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।

५९. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा यस मन्त्रालय मार्फत अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ । सहमति बिना भएको निर्णयबाट सिर्जित दायित्व भुक्तानीमा मन्त्रालय जिम्मेवार हुने छैन ।

६०. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

६१. विनियोजन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली, सार्वजनिक खरिद ऐन/नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन र मापदण्ड लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु पर्नेछ ।

६२. विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६३. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६४. कार्यक्रम/आयोजनाको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) २०७९ साउन मसान्भित्र तयार गरी आयोजनास्थलमा र यस मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

६५. कार्यक्रम/योजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ ।

६६. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना र मोबाइल नम्बर, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ ।

६७. विकास आयोजनाहरुको अनुगमन गरी विनियोजित बजेट अनुरुप खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६८. सरकारी कार्यालय र सरकारी अनुदान प्राप्त गर्ने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६९. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी नियमित रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ । प्राप्त प्रगति विवरण राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा समेत पठाउनु पर्ने भएकोले सो अनुसारको प्रगति प्रतिवेदन अद्यावधिक रुपमा यस मन्त्रालयमा पठाउनु हुनेछ ।

७०. बेरुजु फछ्र्यौटलाई अग्र प्राथमिकता दिई गत विगत वर्षका लेखापरीक्षणबाट कायम भई फछ्र्यौट हुन बाँकी रहेका बेरुजुहरु फछ्र्यौट गरी शतप्रतिशत प्रगति हुने गरी कार्य गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७१. आ.व. २०७८।७९ को NEPSAS अनुकूलको केन्द्रिय आर्थिक विवरण तयार गर्ने प्रयोजनको लागि २०७९ श्रावण मसान्तभित्र अनिवार्य रुपमा सो अनुसारको वित्तीय विवरण र जिन्सी मौज्दातको वार्षिक विवरण (म.ले.प.फा.नं. ४१३), सम्पत्ति तथा दायित्वको प्रतिवेदन, घर जग्गाको लगत (म.ले.प.फा.नं. ४१७) र घर जग्गाको एकिकृत प्रतिवेदन यस केन्द्रमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

७२. २०७९ भाद्र मसान्तभित्र आ.व. २०७८/७९ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन र को.ले.नि.का. बाट प्रमाणित आर्थिक विवरण अनिवार्य रुपमा यस विभागको आर्थिक प्रशासन शाखामा पठाउनु हुनेछ ।

**तहाँ बाट खर्च हुने बजेट उपशिर्षकः**

| | |
|---|---|
| ३५००१०१३ | शिक्षा विकास तथा समन्वय इकाई |

..........................
(चूडामणि पौडेल)
महानिर्देशक

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि निर्देशनालय, अनामनगर, काठमाण्डौ ।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरू ।
श्री आर्थिक प्रशासन शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री योजना तथा बजेट शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री योजना तथा बजेट शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सिंहदरबार ।

चूडामणि पौडेल
महानिर्देशक